मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७४ साल असोज २९ गते बसेको प्रथम नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७४ साल असोज २९गतेका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६.वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री  निलम कुमारी हाथि -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह -सदस्य

२३.प्र.प्र. अधिकृत श्री राजेन्द्र कार्की -सचिब

**प्रस्ताव न. १.सरसफाई सम्बन्धमा** ।

निर्णय

२०७६/६/३१ मंगलवार विहान ७:०० बजे सबै जन निर्वाचित पदाधिकारीहरु नगरपालिकाका कर्मचारीहरु, स्थानीय विद्यालय, प्रहरी लगायत नगरपालिका कार्यालयमा भेला भई नगरपालिका परिसर र लोकमार्गमा सरसफाई गर्ने भनी सर्व सहमतिबाट निर्णय गरियो ।

**प्रस्ताव न.** २. स्थानीय खोलाबाट वालुवा निकासीमा रोक लगाउने सम्बन्धमा ।

निर्णय

जीवा खोला र वतहा खोलामा जिल्ला समन्वय समितिबाट वालुवा ठेक्का लगाई वालुवा निकासी भइ रहेको बुझिएकोले यसबाट  वाताबरणमा असर पर्नुका साथै मिर्चैयाको नगर क्षेत्रमा दिर्घकालीन असर पर्ने देखिएकोले उक्त ठेक्का रद्द गरि वालुवा निकासी बन्द गर्न जिल्ला समन्वय समिति सिरहालाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.३** .प्रशिक्षण कार्यक्रम सम्बन्धमा ।

निर्णय

मिर्चैया न.पा.का नवनिर्वाचित जिल्ला जन प्रतिनिधि र कर्मचारीको लागि स्थानीय तहको कार्य संचालन सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम मिति २०७४/६/३० गते सोमबार विहान १०:०० बजे सगरमाथा बोर्डिङ स्कुल,मिर्चैया सिरहको मिटिङ हलमा संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४. विविध** ।

निर्णय

मारुती सिमेन्ट उद्योगबाट यस मिचैया नगर क्षेत्रमा समेत वातावरण प्रदुषण भइरहेको सम्बन्धमा वातावरण न्युनीकरण गर्न सो उधोगलाई अनुरोध गर्ने निर्णय गरियो ।